# राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर

## इलेक्ट्रोनिक्स सामान (डेक्सटप कम्प्यूटर र ल्यापटप) खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्रको सूचना

**पुनः प्रकाशित मिति २०७५/११/२०**

यस आयोगको लागि आवश्यक तपशिल बमोजिमका सामान/सामग्रीहरु खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नु परेकाले देहायका शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

**दरभाउ सम्बन्धी विवरण**

| क.स | सामानको विवरण | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|
| १ | इलेक्ट्रोनिक्स सामान (डेक्सटप कम्प्यूटर र ल्यापटप) | क्रमश १० थान र ७ थान | |

१. यो सूचना दोस्रो पटक प्रकाशित भएको मिति देखि २०७५/११/२६ गतेसम्म कार्यालय समयभित्र रु. १०००।- (फिर्ता नहुने गरी) को आम्दानी रसिद निवेदनसाथ संलग्न राखी दरभाउपत्रदाता वा निजको प्रतिनिधिले प्रशासन महाशाखाबाट दरभाउपत्र खरिद गर्न सक्नेछन्। दरभाउपत्र खरिद गर्नको लागि निवेदकले आ.व. २०७५/०७६ का लागि नवीकरण गरिएको कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, तथा आ.व. २०७४/०७५ को करचुक्ता प्रमाणपत्र मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित गराएको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी यस आयोगको नाममा दरभाउपत्र फारम खरिद गर्न पाउँ भन्ने निवेदन पेश गर्नु पर्नेछ। सो कागजातहरु पेश नगर्ने निवेदकले दरभाउपत्र खरिद गर्न पाउने छैन।

२. दरभाउपत्र यो सूचना दोस्रो पटक प्रकाशित भएको मिति देखि मिति २०७५/११/२६ गतेसम्मको कार्यालय समयभित्र खरिद गरि सकी २०७५/११/२७गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। प्राप्त भएका दरभाउपत्रहरु २०७५/११/२७ गते दिनको २:०० बजे उपस्थित दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस आयोगमा खोलिने छ। दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. सिलबन्दी दरभाउपत्र साथ दरभाउपत्र जमानत वापत इलेक्टोनिक्स सामान (डेक्सटप कम्प्यूटर र ल्याउटपको लागि जम्मा रकम रु ३८,७२०।- (अक्षेरुपी अड्तीस हजार सात सय बीस रुपैया मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको नाममा नेपाल बैंक लि. गाबाहाल ललितपुरमा रहेको धरौटी खाता नं ख ३ (०१८०-५१-००१६८५६ मा दाखिला गरेको सक्कलै भौचर वा कम्तिमा ७५ दिन म्याद भएको (सिलवन्दी पत्र बुझाउने अन्तिम मितिदेखि) बैंक ग्यारेन्टि (विडवण्ड) पेश गर्नु पर्नेछ।

४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोहि समयमा गरिनेछ।

५. सामान सप्लाई सम्वन्धी कार्यमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात दरभाउपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

६. दरभाउपत्रदाताले सप्लाई गर्ने सामानको स्पेशिफिकेशन दरभाउपत्रसाथ उपलब्ध गराइनेछ। साथै यस सम्बन्धमा अन्य विस्तृत कुरा बुझ्न परेमा प्रशासन महाशाखामा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ

७. रीत नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाहिं हुनेछैन।

८. स्वीकृत दरभाउपत्रदाताले आपूर्ति गर्ने सामानहरु स्वीकृत स्पेसिफिकेसन बमोजिम गुणस्तरयुक्त भए नभएको सम्वन्धमा प्राविधिकबाट जाँचबुझ गराएर मात्र स्वीकार गरिनेछ।

९. दरभाउपत्र सम्वन्धी अन्य शर्तहरु सिलवन्दी दरभाउ फाराममा उल्लेख गरे बमोजिम हुनेछ।

१०. प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पूर्ण कर दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

११. कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने, सम्पूर्ण अधिकार यस आयोगमा निहित रहने छ।